भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ४ २०८२ असार, १ गते

## भाग–२

**भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, जाजरकोटको सूचना**

# मानव मलमूत्रजन्य फोहर व्यवस्थापन विनियम २०८२

**प्रस्तावना :** खानेपानी तथा सरसफाइ र स्वच्छ वातावरण पाउने मौलिक अधिकार को सम्मान, संरक्षण र परिपालना तथा सुनिश्चितताका लागि नेपालको संविधानको धारा ५७ (४), अनुसूची ८ तथा ९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (झ) र भेरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ५० बमोजिम नगरबासीको हकहित संरक्षण गर्न, नगर क्षेत्रमा सरसफाइ र वातावरणीय स्वच्छता प्रवर्द्धन गर्न र मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धी सेवा उपलब्ध गराउन बाञ्छनीय भएकाले भेरी नगरपालिकाले यो विनियम बनाएको छ ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ, क्षेत्र र परिभाषाः**

(१) **नाम :** यो विनियमको नाम "मानव मलमूत्रजन्य फोहर व्यवस्थापन विनियम २०८२" रहने छ ।

(२) **प्रारम्भ :** यो विनियम नगरपालिकाले पारित गरेपछि प्रारम्भ हुनेछ ।

(३) **उपविनियम (२)** बमोजिम एकैपटकमा यो विनियमका व्यवस्था लागू गर्ने अवस्था विद्यमान नभएमा नगरपालिकाले सूचना प्रकाशित गरी विभिन्न चरणमा लागू गर्नसक्नेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :

(क) कार्यालय भन्नाले भेरी नगरपालिकाको कार्यालय बुझ्नुपर्छ ।

(ख) तोकिएको वा तोकिए बमोजिम भन्नाले प्रचलित कानुन वा यसै विनियम, कार्यविधि वा अन्तर्गत बनेका मापदण्ड, निर्देशिका वा निर्देशनमा तोकिए बमोजिमको व्यवस्था बुझ्नुपर्छ ।

(ग) नगर प्रमुख भन्नाले भेरी नगरपालिकाका प्रमुख बुझ्नुपर्छ ।

(घ) नगर उपप्रमुख भन्नाले भेरी नगरपालिकाका उपप्रमुख बुझ्नुपर्छ

(ङ) नगरपालिका भन्नाले भेरी नगरपालिका बुझ्नुपर्छ ।

(च) प्रशोधित फोहर पानी (Effluent) भन्नाले प्रशोधन केन्द्र वा भण्डारण संरचनाबाट निष्काशन हुने पूर्ण वा आंशिक प्रशोधित फोहर पानी बुझ्नुपर्छ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भेरी नगरपालिकाको प्रशासन हेर्नका लागि तोकिएको प्रमुख कर्मचारी बुझ्नुपर्छ ।

(ज) फोहर पानी (Waste Water) भन्नाले मानव, पशु वा तरकारी जन्य फोहर र रसायनहरु समेत मिसिएको तरल अवस्थाको फोहर बुझ्नुपर्छ ।

(झ) मानव मलमूत्रजन्य फोहर (Fecal sludge) भन्नाले स्थलगत सरसफाइ अन्तर्गत संकलन ट्यांकहरु जस्तै सेप्टिक टयांक, होल्डिङ टयांक (Holding Tank), खाल्डे शौचालय (Pit Latrine) आदिमा जम्मा भएको अर्धठोस (लेदो) फोहर बुझ्नुपर्छ । यसमा मानव मलमूत्रका साथै दिसा धुन तथा बगाउन प्रयोग भएको पानी वा पदार्थ र अन्य फोहरसमेत मिसिएको हुन सक्दछ ।

(ञ) मानव मलमूत्रजन्य फोहर व्यवस्थापन (Fecal sludge management) भन्नाले मानव मलमूत्रजन्य फोहरलाई संकलन गर्ने, संकलित फोहरलाई रित्याउने, प्रशोधन केन्द्रसम्म ढुवानी गर्ने, प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्नेसम्म समग्र श्रृंखलाका कार्य बुझ्नुपर्छ ।

(ट) मानव मलमूत्रजन्य फोहर प्रशोधन केन्द्र (Fecal sludge Treatment Plant) भन्नाले मानव मलमूत्रजन्य फोहर प्रशोधन, सुरक्षित विसर्जन वा पुनः प्रयोग गर्न सकिने बनाउनका लागि आवश्यक विधि र प्रविधि समेत जडित तोकिएको संरचना बुझ्नुपर्छ ।

(ठ) वडाध्यक्ष भन्नाले भेरी नगरपालिकाका वडा समितिका अध्यक्ष बुझ्नुपर्छ ।

(ड) समिति भन्नाले मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी कार्य गर्नका लागि नगरपालिका स्तरमा विनियम २२ बमोजिम गठित समिति बुझ्नुपर्छ ।

(ढ) सफा शौचालय (Safe Toilet) भन्नाले नीजि आवास, कार्यालय, सार्वजनिक संस्था तथा स्थल र यस्तै अन्य भवन तथा संरचनामा मानव मलमूत्रलाई विसर्जन गर्नका लागि तोकिएको ढाँचामा तयार गरिएको संरचना वा शौचालय बुझ्नुपर्छ ।

(ण) सरसफाइ सेवा श्रृंखला (Sanitation Service Chain) भन्नाले मानव मलमूत्रजन्य फोहरको व्यवस्थित संकलन, भण्डारण, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनः प्रयोग गर्न आवश्यक पर्ने सबै चरण/प्रक्रिया बुझ्नुपर्छ ।

(त) सरसफाइ सेवाप्रदायक (Sanitation Service Provider) भन्नाले सेप्टिक ट्यांक बनाउन, सेप्टिक टयांक सफा गर्न, मानव मलमूत्रजन्य फोहरलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा मानव मलमूत्रजन्य फोहर प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि सम्बद्ध निकायबाट विधिवत् रुपमा अनुमति पाएको संस्था बुझ्नुपर्दछ ।

(थ) सेप्टिक टयांक (Septic Tank) भन्नाले मानव मलमूत्रजन्य फोहरलाई व्यवस्थित संकलन गर्नका लागि पानी नचुहिने सोकपिटसहितको तोकिए बमोजिमको ढाँचामा बनाइएको संरचना बुझ्नुपर्छ ।

(द) सेप्टेज (Septage) भन्नाले मानव मलमूत्रजन्य फोहर संकलनका लागि प्रयुक्त प्रविधिमध्ये सेप्टिक टयांकमा संकलन भएको लेदो पदार्थ बुझ्नुपर्छ । यसमा मानव मलमूत्र, दिसापिसाब सफा गर्न तथा बगाउन प्रयोग भएको पानी वा वस्तुसमेत हुन सक्दछन् ।

(ध) सेवाग्राही (User) भन्नाले मलमूत्रजन्य फोहर व्यवस्थापन सेवा लिने व्यक्ति, संस्था वा निकाय बुझ्नुपर्छ ।

(न) स्थलगत सरसफाइ प्रणाली (On-site Sanitation System) भन्नाले मानव मलमूत्रजन्य फोहरलाई उत्पादन स्थलमै व्यवस्थित रुपमा संकलन, भण्डारण र पूर्ण वा आंशिक प्रशोधन गर्ने सरसफाइ पद्धति बुझ्नुपर्छ ।

## परिच्छेद-दुई
## भौगोलिक क्षेत्र र कार्यक्षेत्र

**३. भौगोलिक क्षेत्र :** (१) यो विनियम भेरी नगरपालिकाका सबै वडाको भौगोलिक क्षेत्रभित्र लागू हुनेछ ।

**४. कार्यक्षेत्र :** (१) यो विनियमको कार्यक्षेत्र मुख्यतया ढलरहितको स्थलगत सरसफाइमा सीमित रहने छ र यसले देहायका पक्षहरुलाई समेट्दछ :

(क) उपयुक्त मापदण्ड बमोजिम मानव मलमूत्रजन्य फोहरको सुरक्षित संकलन, ढुवानी, प्रशोधन र पुनः प्रयोग वा सुरक्षित विसर्जन ।

(ख) मानव मलमूत्रजन्य फोहर व्यवस्थापनका उपयुक्त अभ्यासहरुको प्रवर्द्धन ।

**५. समेट्ने क्षेत्र र संरचना :** (१) यो विनियमले भेरी नगरपालिकाभित्रका देहाय बमोजिम संरचनाहरुलाई समेटेको छः

(क) निजी उपयोगका घर टहरा, आवासीय क्षेत्र तथा भाडा प्रयोजनका सबै संरचना,

(ख) व्यावसायिक तथा व्यापारिक संरचना,

(ग) औद्योगिक प्रयोजनमा रहेका घर तथा स्थायी अस्थायी संरचना,

(घ) सरकारी तथा संस्थागत संरचना,

(ङ) सार्वजनिक शौचालय र,

(च) मानव मलमूत्रजन्य फोहरको स्रोत हुन सक्ने अन्य जुनसुकै भवन वा संरचना ।

**६. नसमेट्ने क्षेत्र र संरचना :**

(१) यो विनियमले ठोस फोहरको विसर्जन, ढलसहितको सरसफाइ, सतही पानी, विशेष प्रकारको प्रशोधन आवश्यकता पर्ने औद्योगिक प्रदूषणयुक्त पानी वा घरेलु वा व्यावसायिक खेतीबाट निकालिने पशुजन्य फोहरलाई समेट्दैन ।

(२) उपविनियम (१) बमोजिमका ढल, फोहर, उद्योगजन्य प्रदूषित पानी तथा पशुजन्य फोहरहरुको व्यवस्थापनको व्यवस्था छुट्टै गर्न जरुरी हुन्छ ।

## परिच्छेद-तीन

## सिद्धान्त तथा प्रविधि

**७. सरसफाइका आधारभूत सिद्धान्त :**

(१) नगरपालिकाले नगरपालिकास्तरीय सरसफाइका सिद्धान्त अवलम्बन गर्नेछ र प्रत्येक नागरिकले सुरक्षित सरसफाइ र स्वच्छता अभ्यास प्रवर्द्धनको जिम्मेवारी र पर्याप्त सरसफाइ सेवा श्रृंखला (Sanitation Service Chain) को फाइदाबारे बुझ्नेछन् ।

(२) सरसफाइ सेवा श्रृंखला अन्तर्गत देहायका पक्ष पर्ने छन् :

(क) मानव मलमूत्रजन्य फोहरलाई समग्र सरसफाइ सेवा श्रृंखला, भण्डारण, मानव मलमूत्रजन्य फोहर संकलन र ढुवानी, प्रशोधन, बिसर्जन र पुनः प्रयोगको सुरक्षित व्यवस्थापन गरिन्छ र प्रभावकारी ढंगले स्रोत पुनरुत्थान र पुनःप्रयोगमा ध्यान दिइन्छ ।

(ख) दिसाजन्य लेदो तथा सेप्टेज प्रशोधन गर्न अनुकूल छुट्टै वा फोहर पानी, ठोस फोहरसँग सह-प्रशोधन मिश्रित र वृद्धिशील प्राविधिक विविधतालाई अवलम्बन गरिन्छ ।

(ग) समाधानको उपायको रुपमा केन्द्रीकृत वा विकेन्द्रीकृत प्रणाली अपनाएर ढलरहित र ढलसहितको सरसफाइलाई संयुक्त रुपमा समेटिन्छ ।

(३) नगरपालिकाले नगरस्तरीय सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

(४) आवासीय, व्यावसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुबाट उत्पादित मानव मलमूत्रजन्य फोहरलाई बिना प्रशोधन खुला ढल वा नदीनाला वा जमिनमा मिसाउन नपाइने हुनुपर्दछ ।

(५) ढलरहित क्षेत्रभित्र रहेका सबै प्रकारका आवासीय, व्यावसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरुको परिसरभित्र नगरपालिकाले तोकिए बमोजिम वा सो भन्दा उच्चस्तरीय सेप्टिक ट्यांक वा अन्य प्रमाणित प्रशोधन विधि वा प्रविधिको व्यवस्था हुनुपर्दछ ।

(६) सेप्टिक टयांक निरीक्षण, सञ्चालन र मर्मत सम्भार गर्न सहज हुने खालको हुनुपर्दछ र यसमाथि कुनै पनि प्रकारको संरचना निर्माण वा अवरोध हुनुहुँदैन । सेप्टिक टयांकको प्रभावकारी उपयोग, सञ्चालन र भरिएर फोहर बाहिर निस्कन सक्ने सम्भावनालाई न्यूनीकरण गर्नका लागि तोकिएको अवधिमा सेप्टिक टयांकलाई रित्याउने र सफा गर्ने गर्नुपर्दछ ।

(७) नगरस्तरीय सरसफाइ योजना कार्यान्वयन तथा प्रवर्द्धनका लागि नगरपालिकाले अन्य सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र, सामुदायिक एवम् गैरसरकारी संस्था, अनुसन्धानात्मक निकाय आदिसँग सहकार्य गर्दा प्रभावकारी हुने देखिएमा सहकार्य गर्नुपर्दछ ।

**८. भण्डारण प्रविधिसम्बन्धी व्यवस्था :**

(१) नेपाल राष्ट्रिय भवन संहिता (NEPAL NATIONAL BUILDING CODE-NBC 208:2003 Sanitary and Plumbing Design Requirement) अनुसार ढलरहित क्षेत्रका कुनै पनि संरचनाबाट निस्कने फोहर पानीलाई सेप्टिक टयांक, फोहर स्थिरीकरण पोखरी (Waste Stabilization Pond) वा सम्बन्धित आधिकारिक संस्थाबाट स्वीकृत प्रविधि प्रयोग गरी प्रशोधन गरिएको हुनुपर्नेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विनियम २९ बमोजिम नयाँ भवन निर्माण गर्दा नक्सामा अन्य कुराहरुको अतिरिक्त सो भवनको छुट्टै चर्पी, सोकपिट तथा त्यस्तो भवन अर्को भवनसँग जोडी बनाउने भएमा सो भवनको छुट्टै किलास रहने गरी नक्सामा खुलाउनुपर्नेछ ।

(३) नयाँ संरचना : ढल नभएको क्षेत्रमा बन्ने कुनै पनि नयाँ संरचनाहरुमा सेप्टिक टयांक वा सो सरह वा सो भन्दा उच्चस्तरीय प्रशोधन प्रविधि अनिवार्य रुपमा जडान गर्नुपर्नेछ । भवन निर्माणको स्वीकृति दिंदा विभिन्न चरणमा स्वीकृत मापदण्डअनुसारको सेप्टिक टयांक निर्माणको निरीक्षण गर्ने विधिसहितको व्यवस्था मिलाई स्वीकृत मापदण्डअनुसारको जाँचपास भएपश्चात् मात्र अन्तिम निर्माण सम्पन्न प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्नेछ ।

(४) विद्यमान सरंचनाहरु: यो विनियम लागू हुँदाको मितिभन्दा पहिले विद्यमान सरंचनाहरुको हकमा अस्वच्छ शौचालय (Insanitary Latrine) लाई पहिचान गरी सेप्टिक टयांक वा दुई खाल्डे शौचालय (Double Pit Pour Flush Latrine) बायो डाइजेस्टर (Bio-digester) वा सफा शौचालय (Sanitary Latrine) मा परिणत गर्न, सुरक्षित भण्डारण गर्न तथा फोहर निष्काशन गर्नका लागि देहायको अवस्थामा तत्काल सुधार वा स्तरोन्नति गर्नुपर्ने छ ।

(क) विद्यमान स्थलगत सरसफाइ प्रणालीले वातावरण र जनस्वास्थ्यमा उच्च जोखिम पारेको अवस्थामा,

(ख) सम्पत्ति बिक्री गर्ने भएमा,

(ग) ५० प्रतिशतभन्दा बढी मात्रामा भवनको पुन:निर्माण वा तला थप गर्नु परेमा,

(घ) नगरपालिकाले आवश्यक ठानेमा ।

(५) स्तरीय सेप्टिक टयांक संरचनाको सामान्यतया निम्नलिखित विशेषता हुने छन् :

- पानी नचुहिने (Water Seal) हुनुपर्दछ ।
- न्यूनतम २ खण्डे र न्यूनतम १.४ मिटर गहिरो हुनुपर्दछ ।
- सेप्टिक टयांकका साथै सोकपिट हुनुपर्दछ ।
- टयांकको साइज आवश्यकता अनुरुप डिजाइन गरिएको हुनुपर्दछ ।
- रित्याउने सेवाको सहज पहुँच हुने गरी म्यानहोलको व्यवस्था गरिएको हुनुपर्दछ ।

(६) सेप्टिक टयांकको नमूना र अन्य जानकारी अनुसूची १ संलग्न छ । यदि नगरपालिकाको भवन निर्माण निर्देशिकामा सेप्टिक टयांकको डिजाइन उल्लेख भएको अवस्थामा सोही बमोजिम हुनुपर्दछ ।

**९. मानव मलमूत्रजन्य फोहर सङ्कलन र ढुवानी सम्बन्धी व्यवस्था :**

(१) संरचनाको आकारप्रकार, प्रयोगकर्ताको संख्या, जमिनको प्रकृति जस्ता पक्षलाई मध्यनजर गरी प्रयोगकर्ताले ३ देखि ५ वर्षको अवधिमा कम्तीमा एकपटक सफा गर्नुपर्नेछ ।

(२) उपविनियम (१) को प्रावधानले आवश्यकताअनुसार जुनसुकै अवधिमा पनि सफा गराउन पाउने सेवाग्राहीको अधिकारलाई कुण्ठित गर्ने छैन र नगरपालिकालाई जनस्वास्थ्य र वातावरण संरक्षणका दृष्टिले कुनै

सेप्टिक टयांक सफा गर्न आवश्यक लागेमा जुनसुकै समयमा पनि सफा गर्न लगाउन सक्नेछ ।

(३) सेप्टिक टयांक रित्याउने काममा यान्त्रिक प्रविधि अवलम्बन गर्नुपर्नेछ र त्यस्तो सेवा निजी सेवाप्रदायक वा नगरपालिका वा सामुदायिक/सहकारी संस्था वा मिलेर संयुक्त रुपमा वा अलग-अलग तवरबाट गर्न सकिने छ। निजी क्षेत्रलाई यस कार्यमा प्रोत्साहित तथा संलग्न गराउन सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) मोडल अवलम्बन गर्न सकिनेछ ।

(४) मानव मलमूत्रजन्य फोहर ढुवानीमा प्रयोग हुने यातायातको साधन गुणस्तरयुक्त एवम् निश्चित प्रयोजन उल्लेख भएको र कहाँ छ भनेर पत्ता लगाउन सकिने प्रविधि (Tracking System) जडित हुनेछ ।

(५) नियमित र निर्धारित समयमा सेप्टिक टयांक खाली गर्ने कार्यको सुनिश्चितताका लागि तथ्याङ्कमा आधारित जानकारीमूलक डिजिटल प्रणाली अवलम्बन गर्नेछ ।

(६) अनुमति प्राप्त सेवाप्रदायक वा नगरपालिकाले सङ्कलित मानव मलमूत्रजन्य फोहरलाई नगरपालिकाको प्रशोधन केन्द्रमा लगेर विसर्जन गर्नुपर्नेछ ।

(७) अन्य पालिकासँग सम्झौता भएको हकमा मात्रै अन्य पालिकाबाट सङ्कलित मानव मलमूत्रजन्य फोहर तोकिएको प्रशोधन केन्द्रमा विसर्जन गर्न सकिनेछ ।

(८) अनाधिकृत रुपमा निषेधित क्षेत्रमा मानव मलमूत्रजन्य फोहर विसर्जन गरेको पाइएमा नगरपालिकाले कानुन बमोजिम सजाय गर्नेछ ।

(९) सेप्टिक टयांक सफा गर्ने सेवाप्रदायकले सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी उत्कृष्ट अभ्यास अवलम्बन गर्नुपर्नेछ ।

**१०. प्रशोधन, विसर्जन र पुनः प्रयोगसम्बन्धी व्यवस्था :**

(१) घरेलु फोहर पानी व्यवस्थापन सम्बन्धी (NS/ISO24521) निर्देशिका र खानेपानी मन्त्रालयले जारी गरेको मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धी संस्थागत र नियामक खाका (अनुसूची २) को मापदण्डअनुसार स्थल छनोट गरी नगरपालिकाले प्रशोधन केन्द्र सञ्चालन गर्नेछ ।

(२) व्यवस्थित प्रशोधन केन्द्र निर्माण भई सञ्चालन नहुञ्जेलसम्मका लागि मानव मलमूत्रजन्य फोहरलाई नगरपालिकाले तोकेको ठाउँमा गहिरो खाल्डोमा प्रशोधन गर्ने Deep row enrichment वा लेदो सुकाउने

(Sludge drying bed-Planted/Unplanted) जस्ता प्रविधि प्रयोग गरी प्रशोधन गर्न गराउन सकिने छ ।

(३) प्रशोधन केन्द्रले प्रशोधन गरेको फोहर पानी निष्काशन गर्दा नेपाल सरकारले निर्धारण गरेको फोहर पानी विसर्जनसम्बन्धी मापदण्डभित्र रहने गरी गर्नुपर्नेछ । त्यसका लागि उपयुक्त प्रशोधन विधि र प्रविधि उपयोग गर्नुपर्नेछ ।

(४) नगरपालिकाले नियमित रुपमा प्रशोधन केन्द्रको कार्यक्षमता र सञ्चालन प्रक्रियाका सम्बन्धमा जाँचबुझ गरी आवश्यकताअनुसार प्रशोधन केन्द्रको पुर्नमूल्याङकनका आधारमा मर्मतसम्भार गर्ने गराउने छ ।

(५) नगरपालिकाले प्रशोधन केन्द्रको सञ्चालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणका लागि कृषि सम्बद्ध सरकारी निकाय, निजी, सामुदायिक तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य एवम् साझेदारी गर्न सक्ने छ ।

(६) प्रशोधनबाट निस्केको ठोस वस्तु वा पदार्थ वा उत्पादनलाई कृषि क्षेत्र, माटोको उर्वराशक्ति बढाउन, ब्रिकेट बनाउन, ल्याण्डफिलिङ गर्न, खाल्डाखुल्डी पुर्न, वृक्षारोपण गर्न वा भवन निर्माण सामग्री बनाउन वा त्यस्तै अन्य उपयुक्त काममा प्रयोग गर्ने गराउने र तरल पदार्थलाई सिँचाइ वा बगैंचामा प्रयोग गर्ने गराउने व्यवस्था मिलाउने छ ।

## परिच्छेद-चार
## काम, कर्तव्य र अधिकार

**११. सबैले पालना गर्नुपर्ने :**

(१) यो विनियम भेरी नगरपालिका क्षेत्रभित्र बस्ने, व्यवसाय गर्ने, आवतजावत गर्ने लगायत सबैले पालन गर्नुपर्ने छ ।

(२) यो विनियमअन्तर्गतको सेवा सञ्चालनका लागि सेवाप्रदायकलाई सहयोग गर्नुपर्नेछ ।

(३) मानव मलमूत्रजन्य फोहर संकलन, ढुवानी, प्रशोधन र त्यसबाट निस्कने उत्पादनको कुनै पनि चरणमा बाधा अवरोध गर्न पाइने छैन ।

**१२. नगरवासीका काम र कर्तव्य :** भेरी नगरपालिका क्षेत्रमा बसोबास गर्ने बासिन्दाका कर्तव्य देहाय बमोजिम हुने छन् ।

(१) मानव मलमूत्रलाई जथाभावी विसर्जन नगर्ने,

(२) दिसापिसाबका लागि बनाइएका शौचालयजस्ता संरचना वा स्थानमा मात्र दिसापिसाब गर्ने र खुला स्थानमा दिसापिसाब नगर्ने र नगराउने,

(३) आफ्नो स्वामित्व वा हकभोगको घर, जग्गा वा संरचनामा नगरपालिकाले तोके बमोजिमको प्रविधि प्रयोग गरी दिसापिसाबको व्यवस्थापन गर्ने,

(४) वातावरणीय स्वच्छता कायम गरी सभ्य नागरिकको परिचायक बन्ने,

(५) घर आवास जस्ता नयाँ संरचना बनाउँदा नगरपालिकाले पारित गरेको भवन संहिताबमोजिम मानव मलमूत्र संकलन र बिसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा शौचालय, सेप्टिक टयांक आदि बनाएर सञ्चालन गर्ने,

(६) यो विनियम लागू हुनुपूर्व बनेका शौचालय, सेप्टिक टयांक आदि पुराना संरचनालाई स्तरोन्नति गरी यसै बमोजिमको ढाँचा र गुणस्तरको बनाउने र सञ्चालन गर्ने,

(७) यो विनियमको व्यवस्था बमोजिम नगरपालिकाले निर्धारण गरेको अवधिमा सेप्टिक टयांक खाली गराउने र सो सेवा वापत लाग्ने शुल्क तथा महसुल समयमै तिर्ने बुझाउने,

(८) कसैले कसैको स्वामित्वमा रहेको घर, टहरा, वा संरचनाको बिक्री वितरण वा स्वामित्व हन्तान्तरण गर्नुपूर्व त्यसरी स्वामित्व हस्तान्तरण हुने घर, टहरा, वा संरचनामा यो विनियममा तोकिए बमोजिमको मानव मलमूत्रजन्य फोहरको व्यवस्थापन गर्नका लागि चाहिने शौचालय, सेप्टिक टयांक आदि संरचना बनाउनुपर्नेछ ।

(९) नगरपालिका क्षेत्रमा कोही कसैले जथाभावी रुपमा मानव मलमूत्र निष्काशन वा विसर्जन गरी वातावरण प्रदुषण गरेको वा अरु व्यक्तिको स्वास्थ्यलाई जोखिममा पारेको पाएमा नगरपालिकाको सम्बद्ध निकायलाई जानकारी दिई सूचित गर्ने,

(१०) हाल प्रचलनमा रहेको मानव केन्द्रित परम्परागत प्रविधिबाट सेप्टिक टयांक वा भण्डारण संरचनाको मलमूत्र रित्याउने अभ्यासलाई त्यागेर यान्त्रिक प्रविधिको सेवा प्रयोग गर्ने, र

(११) नगरपालिकाले यो विनियमले समेटेको क्षेत्रमा तोकेका अन्य निर्देशन तथा कर्तव्य पालन गर्ने ।

**१३. नगरपालिकाको काम, कर्तव्य र अधिकार :** नगर क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धमा नगरपालिकाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :

(१) हरेक घरपरिवारमा मानव मलमूत्र विसर्जनको व्यवस्थासहितको शौचालय र मलमूत्र जम्मा र भण्डारण-संकलन गर्ने प्रविधिसहितको भवन संहितालाई स्थानीयकरण गरी वा तोकि लागू गर्ने,

(२) हरेक घरपरिवारबाट मानव मलमूत्र संकलन गरी विसर्जन वा व्यवस्थापन गर्ने प्रविधि तोक्ने,

(३) तोकिएको प्रविधिअनुसार मानव मलमूत्र व्यवस्थापन गर्ने प्रबन्ध मिलाउने,

(४) मानव मलमूत्रको व्यवस्थापन सेवा नगरपालिका आफैँले उपलब्ध गर्ने गराउने भएमा सोको विधि, प्रक्रिया र सर्त तोक्ने,

(५) यदि आफैँले नगर्ने भएमा आधिकारिक सेवा प्रदायक तोक्ने र सञ्चालनको व्यवस्था मिलाउने,

(६) मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सेवा उपलब्ध गरे गराएवापत सेवा शुल्क वा दस्तुर लाग्ने भए सो निर्धारण गर्ने,

(७) मानव मलमूत्रजन्य फोहरको उचित व्यवस्थापनका लागि आवश्यक पर्ने यन्त्र, मेसिनरी, औजार, ढुवानीको साधन, व्यवस्थापन स्थल तोक्ने र प्रबन्ध गर्ने गराउने,

(८) उक्त सेवामा सबै वर्ग, भूगोलमा पहुँच सुनिश्चित गर्नका लागि सरसफाइ र स्वच्छतामा विशेष ध्यान दिने र सबै नगरवासीको सहज पहुँचको प्रबन्ध गरी सर्वसुलभ रुपमा सेवा पुऱ्याउने । यस क्रममा अति विपन्न वर्गका घरधुरीलाई यो विनियममा उल्लेखित सेवा दिनका लागि आवश्यकताअनुसार शौचालय तथा सेप्टिक टयांक निर्माण अनुदान, सेवा शुल्कमा छुट जस्ता अनुदान, छुट, सुविधा उपलब्ध गराउने,

(९) मानव मलमूत्रजन्य फोहरको उचित व्यवस्थापनका सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(१०) मानव मलमूत्रजन्य फोहरबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्नसक्ने प्रतिकुल प्रभाव निराकरणका लागि नियमित अनुगमन र प्रभावकारिता मूल्यांकन गर्ने गराउने,

(११) तोकिएको प्रविधि, सेवाको गुणस्तर आदिको आवधिक समीक्षा गरी आवश्यक निर्णय गर्ने,

(१२) मानव मलमूत्रजन्य फोहरको व्यवस्थापनलाई प्रभावकारी बनाउन र सेवामा गुणस्तर र एकरुपता ल्याउनका लागि आवश्यकताअनुसार कार्यविधि वा निर्देशिका वा दुवै बनाई लागू गर्ने,

(१३) सेवाका सर्त बन्देज विपरीत कार्य गरी मानवस्वास्थ्य एवम् वातावरणमा प्रतिकुल प्रभाव पारेको वा तोकिएको सेवाशुल्कभन्दा बढी रकम असुल गरेको वा सेवा दिन अस्वीकार गरेको वा ठगी वा अन्य अनैतिक कार्य गरेको पाइएमा सेवाप्रदायकलाई सचेत गराउन वा तोकिए बमोजिम कारवाही गर्ने,

(१४) कसैले कसैको स्वामित्वमा रहेको घर, टहरा, वा संरचनाको बिक्री वितरण वा स्वामित्व हन्तान्तरण गर्नुपूर्व त्यसरी स्वामित्व हस्तान्तरण हुने घर, टहरा, वा संरचनामा यो विनियममा तोकिए बमोजिमको मानव मलमूत्रजन्य फोहरको व्यवस्थापन गर्नका लागि चाहिने शौचालय, सेप्टिक टयांक आदि संरचना बनाउन लगाउने र त्यसरी संरचना बनाइसकेपछि मात्र स्वामित्व हस्तान्तरणका सिलसिलामा नगरपालिकाले दिने सिफारिस लगायतका सुविधा उपलब्ध गराउने । त्यसका लागि अनुगमन र निरीक्षण गर्ने,

(१५) यो विनियममा तोकिए बमोजिमको मानव मलमूत्रजन्य फोहरको व्यवस्थापन नगर्नेलाई नगरपालिकाले उपलब्ध गराउने विभिन्न किसिमका सिफारिस, खानेपानी, बिजुली बत्ती जस्ता सेवा रोक्न रोकाउन सक्ने छ ।

(१६) नगरस्तरीय सरसफाइ योजनालाई लागू गर्ने,

(१७) प्रदेश तथा सरकार, जिल्ला समन्वय समिति र अन्य छिमेकी नगरपालिकासँग सम्पर्क र समन्वयन गर्ने,

(१८) नगर क्षेत्रमा कार्य गर्ने डकर्मीहरुलाई गुणस्तरीय शौचालय, सेप्टिक टयांक आदि संरचना बनाउन आवश्यक सीप विकास तालिम दिने,

(१९) उपभोक्ता तथा सर्वसाधारणमा जनचेतना र आनीबानीमा सुधारका कार्यक्रम सञ्चालन गर्ने,

(२०) मानव मलमूत्रजन्य फोहरको प्रशोधनका लागि आवश्यक पर्ने विसर्जन स्थल वा प्रशोधनस्थल निर्धारण गरी सो जमिन उपलब्ध गराउने र त्यसमा संरचना निर्माण आफैँ गर्ने, गराउने, र

(२१) मानव मलमूत्रजन्य फोहर प्रशोधन गर्ने क्रममा निस्कने सहउत्पादनलाई जैविक खेतीमा प्रयोग हुने मलमा परिवर्तन गरी बिक्रीवितरणको प्रबन्ध गर्नका लागि सेवाप्रदायकलाई आवश्यक सहयोग गर्ने गराउने छ ।

**१४. सेवाप्रदायकका काम, कर्तव्य र अधिकार :** सेवाप्रदायकका काम तथा कर्तव्य देहाय बमोजिम हुने छन् :

(१) सेवाप्रदायकले मानव मलमूत्रजन्य फोहर प्रशोधन, सरसफाइ र व्यवस्थापनका क्रममा वातावरणीय स्वच्छतालाई विशेष ध्यान दिनुपर्नेछ ।

(२) सेप्टिक टयांकभित्रबाट ठोसपदार्थ निकाल्दा, सफा गर्दा, मलमूत्रजन्य फोहर ढुवानी गर्दा, प्रशोधन गर्दा र प्रशोधनस्थल सफा गर्दा वातावरण प्रदुषण हुन नदिने उचित प्रबन्ध गर्नुपर्नेछ ।

(३) सेवाप्रदायकले मानव मलमूत्रजन्य फोहर प्रशोधन, सरसफाइ र व्यवस्थापनमा संलग्न हुने जनशक्तिको कार्यस्थल स्वास्थ्य तथा सुरक्षाका उचित प्रबन्ध गर्नुपर्ने छ । सो क्रममा नेपाल सरकार वा नगरपालिकाले तोकेका मापदण्ड पालन गर्नुपर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको स्वास्थ्य तथा सुरक्षाका अतिरिक्त सरसफाइमा संलग्न हुने जनशक्तिको जीवन बीमा र दुर्घटना बीमाको प्रबन्ध गर्नुपर्ने छ ।

(५) मानव मलमूत्रजन्य फोहर प्रशोधन गर्ने क्रममा निस्कने सहउत्पादनलाई जैविक खेतीमा प्रयोग हुने मलमा परिवर्तन गरी बिक्रीवितरण प्रबन्ध गर्नुपर्नेछ ।

**१५. सरोकारवालाका जिम्मेवारी :**

(१) यो विनियमको कार्यान्वयन र नगरस्तरीय वातावरण र मानवस्वास्थ्यलाई ध्यानमा राखी सरसफाइका क्षेत्र सम्बद्ध सरोकारवालाका भूमिका र जिम्मेवारी यसै विनियम बमोजिम हुने छन् ।

(२) निजी क्षेत्रः

(क) निजी क्षेत्रले यो विनियमको कार्यान्वयनका लागि मानव मलमूत्रजन्य फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि नगरपालिका र सरोकारवालासँग साझेदारी गर्ने,

(ख) बजार रणनीति तथा व्यापारिक योजना बनाउन नगरपालिकालाई सहयोग गर्ने,

(ग) सेवाग्राहीलाई सेवा प्रदान गर्ने,

(घ) सम्झौता भएको अवस्थामा सेवा शुल्क संकलन र जम्मा गर्ने आदि ।

(३) गैरसरकारी तथा विकास साझेदार संस्था :

(क) गैरसरकारी तथा विकास साझेदार संस्थाले सरसफाइ तथा स्वच्छता एवम् मानव मलमूत्रजन्य फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि नगरपालिका क्षेत्रभित्र जनचेतना अभिवृद्धि गर्ने,

(ख) सरोकारवालाको तालिमलगायत क्षमता अभिवृद्धि र ज्ञानको प्रसार गर्ने,

(ग) अध्ययन, अनुसन्धान, विकास र अन्वेषणका क्षेत्रबाट सहयोग गर्ने,

(घ) व्यावसायिक नमुना तथा योजना विकास गर्न मद्दत गर्ने आदि ।

(४) नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले यो विनियमको कार्यान्वयनका लागि सहजीकरण, नीतिगत सल्लाह, समन्वय

र अनुगमन तथा पालनामा नगरपालिकालाई सहयोग गर्नेछ । त्यसका लागि वडा एवम् टोलस्तरीय समितिलाई परिचालन गर्नेछ ।

## परिच्छेद-पाँच

## सेवाका प्रकार, सर्त, इजाजत र शुल्क सम्बन्धी व्यवस्था

**१६. सेवाप्रदायकका किसिम/प्रकार :** यो विनियमअन्तर्गतको मानव मलमूत्रजन्य फोहर व्यवस्थापनका लागि देहाय बमोजिमका सेवाप्रदायक हुनसक्ने छन् :

(१) नगरपालिकाले नै आफैं प्रबन्ध र व्यवस्थापन गरिएको सेवा,

(२) उपभोक्ता समुदायको संस्थाले सञ्चालन गर्ने सेवा,

(३) नगरपालिका र उपभोक्ता संस्था मिलेर संयुक्त रुपमा सञ्चालित सेवा,

(४) निजी क्षेत्रका सेवा प्रदायकबाट सञ्चालित सेवा,

(५) नगरपालिका र निजी क्षेत्रका सेवा प्रदायक मिलेर संयुक्त रुपमा सञ्चालित सेवा,

(६) नगरपालिका, निजी क्षेत्रका सेवा प्रदायक र उपभोक्ता संस्था मिलेर संयुक्त रुपमा सञ्चालित सेवा,

(७) सहकारी संस्थाबाट सञ्चालित सेवा, र

(८) गैरसरकारी वा सामाजिक संस्थाबाट सञ्चालित सेवा ।

**१७. सर्त तोक्नसक्ने :**

(१) नगरपालिकाले नगर क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापन गर्न चाहने सेवाप्रदायकका लागि आवश्यकताअनुसार सर्तहरु तोक्नसक्ने छ ।

(२) नगरपालिका क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी सेवा दिन चाहने व्यक्ति वा संगठित संस्थाले नगरपालिकाले तोकेबमोजिमका सर्तहरुको अधिनमा रही सेवा सञ्चालन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले त्यस्ता सर्त इजाजत/अनुमति दिँदाका बखत नै इजाजतपत्रमा तोक्ने छ ।

(४) मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी त्यस्ता सर्त बन्देज सर्वसाधारण र ग्राहकले जानकारी पाउने गरी सार्वजनिक गर्नुपर्नेछ ।

(५) उक्त बमोजिम सर्त बन्देजका अतिरिक्त नेपाल सरकार, कर्णाली प्रदेश र नगरपालिकाले समयसमयमा जारी गर्ने वा गरेका निर्देशन पालना गर्नुपर्नेछ ।

## १८. इजाजत लिनुपर्ने :

(१) नगरपालिका क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धी सेवा दिन चाहने फर्म वा संगठित संस्थाले नगरपालिकाले तोकेबमोजिम अनुमति लिनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सेवा सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थासँग नगरपालिका क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापन गर्नका लागि चाहिने कार्य अनुभव, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, यन्त्र तथा औजारलगायतका साधनस्रोत उपलब्ध हुनुपर्नेछ ।

(३) सेवाप्रदायकसँग हुनुपर्ने कार्य अनुभव, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, यन्त्र तथा औजारलगायतका साधनस्रोत सामान्यतया अनुसूची ६ बमोजिम हुनेछ ।

(४) माथि जुनसुकै लेखिएको भए तापनि नगरपालिका आफैँले त्यस्तो सेवा प्रदान गरेको अवस्थामा नगरपालिकाको हकमा उक्त प्रावधान लागू हुने छैन ।

## १९. निवेदन दिनुपर्ने :

(१) मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धी सेवा सञ्चालन गर्न चाहने सेवाप्रदायकले इजाजतका लागि नगरपालिकाले तोकेबमोजिमको ढाँचामा विपद व्यवस्थापन तथा फोहर मैला व्यवस्थापन शाखामा रीतपूर्वक निवेदन दिनुपर्नेछ ।

(२) इजाजत लिई सेवा सञ्चालन चाहने सेवाप्रदायकले मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सम्बन्धी सेवा सञ्चालन सम्बन्धी कार्य अनुभव, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, यन्त्र तथा औजार लगायतका साधन स्रोतसहितको प्रस्ताव निवेदनसाथ प्रस्तुत गर्नुपर्नेछ ।

(३) विनियम १८ बमोजिम इजाजत लिन चाहने सेवाप्रदायक कानुन बमोजिम संस्थापित संगठित संस्था हुनुपर्नेछ ।

(४) कुनै व्यक्ति वा उपभोक्ता समूह वा सामुदायिक संस्थाले उक्त सेवा सञ्चालन गर्न चाहेमा इजाजतका लागि निवेदन दिनुअगावै प्रचलित कानुन बमोजिम संगठित संस्थाका रुपमा दर्ता हुनुपर्नेछ ।

(५) इजाजत दिँदा सम्बद्ध निवेदकको अनुभव, प्राविधिक, व्यवस्थापकीय तथा आर्थिक क्षमतालाई विशेष ध्यान दिनुपर्नेछ ।

(६) एउटै क्षेत्रका लागि एकभन्दा बढी निवेदन रितपूर्वक दर्ता हुन आएमा प्राप्त निवेदन उपर छानबिन गरी सबैभन्दा प्रभावकारी हुनसक्ने निवेदकलाई इजाजत दिनुपर्नेछ ।

**२०. सेवा शुल्क तोक्न सक्ने :**

(१) मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी सेवाका लागि नगरपालिकाले सेवा शुल्क तोक्न सक्नेछ ।

(२) तोकिए बमोजिमका सेवा लिने सेवाग्राहीले तोकिए बमोजिम सेवा शुल्क तिर्नुपर्नेछ ।

(३) नगरपालिकाले त्यस्तो सेवा शुल्क खानेपानी महसुल, फोहर व्यवस्थापन शुल्क वा त्यस्तै अन्य महसुलका साथ वा सेवा लिनेदिने समयमा तिर्ने, बुझाउने वा उठाउने गरी तोक्न सक्नेछ ।

**२१. शुल्क निर्धारणका आधार :**

(१) शुल्क निर्धारणका आधार देहाए बमोजिम हुनेछन् :

(क) नियमित शौचालय प्रयोगकर्ताको संख्या,

(ख) व्यापारिक, व्यावसायिक क्षेत्र र प्रयोगको प्रकृति,

(ग) प्रशोधन केन्द्रसम्मको भौगोलिक दूरी,

(घ) आवश्यकताअनुसार अन्य कुरा ।

**२२. मानव मलमूत्रजन्य फोहर व्यवस्थापन समिति :**

(१) मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी कार्य गर्नका लागि नगरपालिका स्तरमा देहाय बमोजिमको मानव मलमूत्रजन्य फोहर व्यवस्थापन समिति गठन हुने छः

| | | |
|---|---|---|
| (क) | नगरप्रमुख | अध्यक्ष |
| (ख) | उपप्रमुख | सदस्य |
| (ग) | सबै वडाका वडाध्यक्ष | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) | प्रमुख लेखा शाखा | सदस्य |
| (च) | प्रमुखः विपद व्यवस्थापन तथा फोहर मैला व्यवस्थापन शाखा | सदस्य |
| (छ) | कार्यपालिकामा निर्वाचित २ जना (१ जना महिला र १ जना समावेशी वर्गबाट) | सदस्य |
| (ज) | उपभोक्ता प्रतिनिधि : २ जना (१ जना महिलासहित) | सदस्य |

(झ) उद्योग वाणिज्य संघ प्रतिनिधि १ जना सदस्य

(ञ) नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका १ जना महिला र १ जना युवा गरी दुई जना प्रतिनिधि सदस्य

(ट) वातावरण संरक्षण, मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि १ जना सदस्य

(ठ) नगरपालिका क्षेत्रमा रहेको खानेपानी तथा सरसफाइ कार्यालयका प्रतिनिधि सदस्य

(२) उक्त समितिमा विपद् व्यवस्थापन तथा फोहरमैला व्यवस्थापन शाखा प्रमुख सदस्य-सचिव हुनेछन् ।

(३) समितिको बैठक, निर्णय प्रक्रिया र अन्य कुरा समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**२३. समितिका काम र कर्तव्य :**

(१) विनियम २२ बमोजिमको समितिले देहाय बमोजिमका कार्य गर्नेछ :

(क) इजाजतपत्रका सर्त, प्राविधिक योग्यता आदि तोक्न सहयोग गर्ने,

(ख) सेवा शुल्क तथा जरिवाना निर्धारणका लागि सिफारिस,

(ग) योजना तथा बजेट निर्माण,

(घ) सम्बद्ध नीति, कानुन, निर्देशिका, कार्यविधि तर्जुमा र मापदण्ड निर्धारण गर्न र आवश्यकताअनुसार परिमार्जनका लागि नगरपालिकालाई सरसल्लाह दिने, सहयोग गर्ने,

(ङ) सेवाग्राही, प्रयोगकर्ता तथा सेवाप्रदायकलाई नगरपालिकाले दिन मिल्ने छुट सुविधाका आधार सिफारिस गर्ने,

(छ) सेवासम्मको पहुँच नभएका नगरवासीलाई सेवामा समावेश गर्न तथा साविकको अवस्थालाई स्तरोन्नति गर्न आवश्यक प्राविधिक आर्थिक सहयोग गर्न सिफारिस गर्ने,

(ज) मानव मलमूत्रजन्य फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन जनचेतना, क्षमता अभिवृद्धि, समन्वय आदिमा योगदान गर्ने, र

(२) उपविनियम (१) मा उल्लेख भएबाहेक नगरपालिकाले गर्ने भनी यो विनियममा तोकिएका अन्य कार्यमा सरसल्लाह दिने र सहयोग गर्ने ।

**२४. विपद् व्यवस्थापन तथा फोहर मैला व्यवस्थापन शाखा :**

(१) यो विनियम बमोजिमको व्यवस्था कार्यान्वयन, सहजीकरण र दैनिक कामकारवाहीको रेखदेखका लागि नगरपालिकामा विपद् व्यवस्थापन तथा फोहर मैला व्यवस्थापन शाखा रहने छ ।

(२) उपविनियम (१) बमोजिमको शाखाले यो विनियमका व्यवस्था कार्यान्वयन, सेवाको सञ्चालन, संयोजन, सहजीकरण, पालना, अभिलेख संकलन आदि कार्य गर्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिमका कामलाई प्रभावकारी बनाउनका लागि नगरपालिकाले वातावरण तथा सरसफाइ शाखा प्रमुख वा सो शाखामा कार्यरत कुनै अधिकृतस्तरको कर्मचारीलाई यो विनियम अन्तर्गतको कार्यसम्पादन गर्ने गरी सम्पर्क व्यक्ति (Focal Person) तोकी जिम्मेवारी दिनेछ ।

(४) उपविनियम (३) बमोजिमका सम्पर्क व्यक्ति (Focal Person) लाई वातावरण निरीक्षकसमेत तोकि जिम्मेवारी दिन सकिने छ ।

## परिच्छेद-छ
## जरिवाना तथा सजाय

**२५. जरिवाना तथा सजाय :**

(१) देहायको अवस्थामा यो विनियमका व्यवस्था उल्लंघन गरेको मानिने छ :

(क) मानवजन्य मलमूत्रजन्य फोहर सफा गर्नका लागि इजाजत नपाएका अदक्ष व्यक्ति लगाएको अवस्थामा,

(ख) मानवजन्य मलमूत्रजन्य फोहरलाई ढल, खहरे, खोलानाला, नदी, खुला क्षेत्र वा सार्वजनिक स्थलमा निष्काशन वा विसर्जन गरेमा,

(ग) खुल्ला रुपमा दिसापिसाबको अभ्यास गरेमा,

(घ) सेवाप्रदायकले सेप्टिक टयांकको फोहर र लेदो पदार्थलाई यो विनियम विपरीत विसर्जन गरेमा,

(ङ) सेवाप्रदायकको तर्फबाट सरसफाइ सेवा दिने काममा संलग्न जनशक्तिले मास्क, पञ्जा, बुटजस्ता अत्यावश्यक सुरक्षा सामग्री प्रयोग नगरेमा ।

(च) सेप्टिक टयांक सफा गर्ने क्रममा आंशिक रुपमा मात्र गरेमा वा पर्याप्त मात्रामा सफा नगरेमा वा उचित तवरले नगरेमा वा ढुवानीका क्रममा पर्याप्त सावधानी एवम् सुरक्षा प्रबन्ध नगरेमा,

(छ) यो विनियम बमोजिम तोकिएको अवधिभित्र सेप्टिक टयांक/संरचना सफा नगराएमा,

(ज) यो विनियमअन्तर्गतको सेवा सञ्चालनलाई रोक्ने गरी बाधा व्यवधान अवरोध खडा गरे गराएमा,

(२) उपविनियम (१) अन्तर्गतका कसुरको जरिवाना देहाय बमोजिम हुने छः

(क) उपविनियम (१) (क) बमोजिमको कसुर गरेमा त्यस्तो घरधुरी, व्यक्ति वा संस्थालाई १ हजार रुपैयाँसम्म

(ख) उपविनियम (१)(ख) बमोजिमको कसुर गरेमा गर्ने गराउनेलाई देहायको जरिवाना हुनेछ :

(अ) घरधुरीको हकमा ५०० देखि १ हजार रुपैयाँसम्म,

(आ) व्यापारिक संस्थान, संघसंस्था वा निकायको हकमा २५०० देखि ५ हजार रुपैयाँसम्म,

(इ) सेवाप्रदायकको हकमा ५ हजारदेखि १० हजार रुपैयाँसम्म वा इजाजत लिँदा दिँदाका सर्तअनुसार

(ग) उपविनियम (१)(ग) बमोजिमको कसुर गरेमा गर्ने गराउनेलाईः

(अ) व्यक्तिको हकमा १०० देखि ५०० रुपैयाँसम्म,

(आ) घरधुरीको हकमा १ हजारदेखि २ हजार रुपैयाँसम्म,

(इ) व्यापारिक संस्थान वा निकायको हकमा ५ हजारदेखि १० हजार रुपैयाँसम्म ।

(घ) उपविनियम (१) (घ) बमोजिमको कसुर गरेमा सेवाप्रदायकलाई ५ हजारदेखि १० हजार रुपैयाँ सम्म जरिवाना र सफा गर्न लाग्ने खर्च,

(ङ) उपविनियम (१) (ङ) बमोजिमको कसुर गरेमा सेवाप्रदायकलाई १ हजारदेखि २ हजार रुपैयाँसम्म,

(च) उपविनियम (१) (च) बमोजिमको कसुर गरेमा सेवाप्रदायकलाई ५ हजारदेखि ७ हजार रुपैयाँसम्म,

(छ) उपविनियम (१) (छ) बमोजिमको काम नगरेमा ५ हजार रुपैयाँसम्म,

(ज) उपविनियम (१) (ज) बमोजिमका काम गरेमा ३ देखि ५ हजार रुपैयाँसम्म ।

**२६. सरकारी बाँकी सरह असुल उपर गर्ने :**

(१) यस विनियम बमोजिमका शुल्क तथा जरिवाना रकम नगरपालिकाले तोकेको समयमा बुझाउनुपर्नेछ ।

(२) उपविनियम (२) बमोजिम नगरपालिका वा सेवाप्रदायकलाई तिर्न, बुझाउनुपर्ने शुल्क तथा जरिवाना नगरपालिकाले तोकेको समयमा नबुझाएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**२७. जरिवाना तोक्ने अधिकारी :**

(१) यो विनियमका व्यवस्था उल्लंघन गरेको अवस्थामा विपद् व्यवस्थापन तथा फोहरमैला व्यवस्थापन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत वा विपद् व्यवस्थापन तथा फोहर मैला व्यवस्थापन शाखा प्रमुख वा नगरपालिकाले तोकेको अधिकारीलाई यो विनियममा तोकिए बमोजिमको दण्ड जरिवाना गर्ने अधिकार हुनेछ ।

(२) उपविनियम (१) बमोजिम दण्ड जरिवाना तोक्दा अधिकारप्राप्त अधिकारीले स्थलगत अध्ययन गरी गराई प्राप्त प्रतिवेदनका अधारमा यथेष्ट आधार र कारण खुलाउनुपर्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिमको दण्ड जरिवाना उपर चित्त नबुझ्ने सेवाग्राही वा सेवाप्रदायक वा अन्य व्यक्तिले विनियम २८ बमोजिमको समितिमा सोका आधार र कारणसहित १५ दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

**२८. पुनरावेदन समिति :**

(१) विनियम २७ बमोजिम अधिकारप्राप्त अधिकारीले तोकेको दण्ड जरिवानाका सम्बन्धमा पुनरावेदन सुन्नका लागि देहाय बमोजिमको पुनरावेदन समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | लेखा शाखा प्रमुख | सदस्य |
| (घ) | प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) | न्यायिक समिति हेर्ने शाखा प्रमुख | सदस्यसचिव |

(२) उपविनियम (१) बमोजिमको समितिले समितिका बैठक, निर्णय प्रक्रिया र पुनरावेदनसम्बन्धी आवेदनलगायतका कुरा निर्धारण गर्ने छ ।

## परिच्छेद-सात
## विविध

**२९. गुनासो व्यवस्थापन :**

(१) यो विनियमको क्षेत्राधिकारभित्र पर्ने विषयमा नगरवासी सर्वसाधारण नागरिक, सेवाग्राही, सेवाप्रदायक, नगर क्षेत्रमा कार्यरत संघसंस्था वा अरु कसैको कुनै प्रकारका गुनासा, उजुरी वा सुझाब भए तिनलाई नगर उपप्रमुखको कार्यालयमा दर्ता गराउन सकिने छ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त गुनासा, उजुरी वा सुझावको सुनुवाइ १५ दिनभित्र गरिसक्नुपर्नेछ ।

**३०. अनुगमन तथा निरीक्षण :**

(१) मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनलाई प्रभावकारी बनाई नगरवासीको स्वास्थ्य तथा सरसफाइको अधिकार सुनिश्चित गर्नका लागि नगरपालिकामा एक अनुगमन तथा निरीक्षण संयन्त्र रहने छ ।

(२) उक्त समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाका उपप्रमुख — संयोजक

(ख) नगरपालिकाका इन्जिनियर — सदस्य

(ग) वातावरण तथा सरसफाइ शाखा प्रमुख — सदस्य

(घ) नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा सामुदायिक संस्थालाई प्रतिनिधित्व गर्ने सदस्यहरुमध्येबाट नगर प्रमुखले मनोनीत गरेको महिला वा युवा — सदस्य

(३) अनुगमन र निरीक्षणसम्बन्धी अन्य व्यवस्था समितिले आफैँ निर्धारण गरे बमोजिम हुने छन् ।

(४) उक्त समितिका तर्फबाट वातावरण तथा सरसफाइ शाखाले वार्षिक प्रतिवेदन तयार गरी नगरसभामा पेश गर्नेछ ।

**३१. सेवाप्रदायकलाई सुविधा दिनसक्ने :**

(१) नगरपालिका क्षेत्रभित्र मानव मलमूत्रजन्य फोहर व्यवस्थापनसम्बन्धी सेवा दिनका लागि इजाजत प्राप्त सेवाप्रदायकलाई नगरपालिकाले देहाय बमोजिमका सुविधा वा छुट दिनसक्ने छः

(क) मानव मलमूत्रजन्य फोहर प्रशोधनका लागि आवश्यक पर्ने जमिन,

(ख) नगरपालिकासँग मानव मलमूत्रजन्य फोहर प्रशोधनको उपयोग भइरहेको घर, टहरा, टयांकी जस्ता भौतिक संरचना,

(ग) हाल उपयोगमा रहेका सवारी साधन तथा उपकरण,

(घ) जमिन, भौतिक संरचना, यन्त्र तथा सवारी साधन व्यवस्थापनका लागि ऋृण, जमानत वा अनुदान,

(ङ) सञ्चालन खर्च अनुदान,

(च) उत्कृष्ट सेवा उपलब्ध गराएको अवस्थामा पुरस्कार, इजाजतपत्र नवीकरण शुल्कमा छुट वा मिनाहा आदि ।

**३२. यस विनियम बमोजिम हुने :**

(१) संघीय र प्रदेशस्तरीय बाहेक नगरपालिकास्तरीय कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियममा उल्लेख भएका कुरामा यसै विनियम बमोजिम हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका हकमा नगर कार्यपालिकाको निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम बमोजिम हुनेछ ।

**३३. संशोधन र खारेजी :**

(१) यो विनियमलाई संशोधन वा कुनै विनियम खारेज गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

## अनुसूची-१
## सेप्टिक ट्यांकसम्बन्धी जानकारी

**सेप्टिक टयांक के हो ?**

सेप्टिक टयांक फोहरपानी भण्डारण एवम् प्रशोधन गर्ने एक प्रकारको प्रविधि हो । भण्डारणको क्रममा सेप्टिक टयांकमा जम्मा भएको दिसाजन्य लेदोलाई नियमित रुपमा खाली गरी थप प्रशोधन गरी सुरक्षित विसर्जन गरिन्छ भने यसबाट निस्केको फोहर पानीलाई सोकपिटमार्फत् जमिनमुनी पठाइन्छ वा थप प्रशोधनको लागि ढलमार्फत् प्रशोधन केन्द्रमा लगिन्छ । सोकपिट प्रविधि सुरक्षित तरिकाले जमिनमुनी पानी पठाउन बनाइने एक सरल प्रविधि हो । सोकपिट बेग्लै संरचना भएपनि यसलाई सेप्टिक टयांकको अभिन्न अंगको रुपमा लिइन्छ ।

मूलतः उचित तरिकाले बनाइएको सेप्टिक टयांकमा निम्न ३ वटा आधारभूत प्राविधिक अवस्था हुनुपर्दछ ।

- सेप्टिक टयांक पानी निरोधक (Water Seal) हुनुपर्दछ ।
- सेप्टिक टयांक २ खण्डे र न्यूनतम १.४ मिटर गहिरो हुनुपर्दछ ।
- सेप्टिक टयांकको साथमा सोकपिट हुनुपर्दछ ।

**सेप्टिक टयांक कस्तो हुन्छ ?**

सेप्टिक टयांक सामान्यता दुईखण्डे आयताकार संरचना हो, जसको लम्बाइ चौडाइ भन्दा २ देखि ४ गुणा लामो हुन्छ भने गहिराइ न्यूनतम १.४ मि हुन्छ । इन्लेट (Inlet) तिरको खण्ड ठूलो हुन्छ भने आउटलेट (Outlet) तिर सानो खण्ड हुन्छ । यी दुई खण्ड छुट्याउने गारोलाई ब्याफल वाल (Baffle Wall) भनिन्छ जसमा ठूलो खण्डबाट फोहर पानी सानो खण्डमा पठाउनको लागि निकास बनाइएको हुन्छ ।

त्यसैगरी सोकपिट सामान्यतया गोलाकार खाल्डो हो । यसको गारो हनिकम्ब (Honey Comb) युक्त हुन्छ र खाल्डो पूर्णतयाः ईंटाको टुक्रा वा ठूलो साइजको गिट्टीले भरिएको हुन्छ ।

**सेप्टिक टयांकले कसरी काम गर्दछ ?**

सेप्टिक टयांकमा फोहरपानी तीन तरिकाबाट प्रशोधन हुन्छ । फोहरपानी सेप्टिक टयांकभित्र प्रवेश गरेपछि केहि समयको लागि भण्डारण हुन्छ । जसलाई अवधारण समय (Retention Time) भनिन्छ। यस क्रममा फोहरपानीसँगै मिसिएर आएका गह्रुँगो वस्तुहरू पिंढमा थिग्रिन्छ भने तैलीय र अन्य हलुका वस्तु पानीको सतहमाथि तैरिन्छ। यसरी थिग्रिएको, तैरिएको एवम् थिग्रिन र तैरिन नसकी पानीभित्र तैरिरहेको ठोस वस्तु जैविक गतिविधिको कारण कुहिएर लेदो बन्दछ र मिथेन ग्यास उत्पादन हुन्छ। लेदो पिंढमा जम्मा हुन्छ र ग्यास उडेर जान्छ भने नकुहिने हलुका वस्तु तैरिएर स्कम (Scum) बन्छ। यसरी प्रशोधित फोहरपानी आउटलेट मार्फत् सोकपिटमा पठाइन्छ र सोकपिटको पिंढ र भित्तामार्फत् सोसिएर जमिनमुनि सुरक्षित विसर्जन हुन्छ। फोहरपानीलाई सोकपिटको केन्द्रभागमा लगेर छोडिन्छ जसले पानीलाई चारैतिर एकनासले फिँजिन मद्दत गर्दछ । सोकपिटले पानीमा भएको जैविक प्रदूषणलाई केहि हदसम्म प्रशोधन समेत गर्दछ ।

**सेप्टिक ट्यांक कति ठूलो हुनुपर्दछ ?**

सेप्टिक ट्यांक चाँडो वा कहिल्यै नभरियोस् भनेर ठूल्ठूलो संरचना बनाउने एवम् सेप्टिक ट्यांकको गारो र पिंध पानी रसाउने खालको बनाउने गरिन्छ । यो बुझाइ बिल्कुल गलत छ । संरचना ठूलो हुँदैमा ढिलो वा कहिल्यै नभरिने होइन। वास्तवमा सेप्टिक ट्यांकले प्रशोधन गर्न नसकेर, सेप्टिक ट्यांकबाट निस्किने पानीले उचित निकास नपाएर वा वर्षा/भूमिगत पानी छिरेर सेप्टिक ट्यांक चाँडो भरिन्छ । तसर्थ सेप्टिक ट्यांक चाँडो भरिने समस्या न्यूनीकरणको लागि उचित डिजाइन, पानी नछिर्ने र सोकपिट सहितको सेप्टिक टयांक निर्माण गर्नु अत्यावश्यक हुन्छ ।


सेप्टिक टयांकको साइज मूलतः प्रयोगकर्ताको संख्या, प्रयोग हुने पानीको मात्रा, खाली गर्ने अवधि र अवधारण समयमा भर पर्दछ। सामान्यतया : सेप्टिक टयांकको डिजाइनको लागि प्रयोग हुने पानीको मात्रा १०० लिटर प्रतिव्यक्ति प्रतिदिन, खाली गर्ने अवधि २ वर्ष र अवधारण समय २४ घण्टा लिने गरिन्छ। यसै को आधारमा प्रयोगकर्ताको संख्या अनुसार आवश्यक सेप्टिक टयांकको साइज निम्न तालिकामा प्रस्तुत छ ।

## तराइ क्षेत्रको लागि : तापक्रम २० डिग्री वा सो भन्दा बढी हुने अवस्था


| प्रयोग-कर्ताको संख्या | ५ | १० | १५ | २० | २५ | ५० | ५० | १०० | १५० | २०० | २५० | ३०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लम्बाइ | १.५ | २.०० | २.४ | २.६ | २.०० | ३.६० | ४.४० | ५.२० | ६.२० | ७.२० | ८.२० | ८.८० |
| चौडाइ | ०.७० | १.०० | १.२० | १.३० | १.३० | १.८० | २.२० | २.६० | ३.१० | ३.६० | ४.१० | ४.४० |
| उचाइ | १.४० | १.४० | १.४० | १.५० | १.५० | २.०० | २.०० | २.०० | २.०० | २.०० | २.०० | २.०० |

तालिकामा उल्लेखित नाप सेप्टिक टयांकको भित्री नाप हो । तसर्थ उक्त नापमा गारोको नाप जोडेपछि सेप्टिक टयांकको संरचनागत नाप निस्किन्छ । त्यसैगरी उचाइ र गहिराइले सेप्टिक टयांकभित्रको पानीको सतहसम्म वा आउटलेटसम्मको उचाइलाई जनाउँदछ र उक्त उचाइमा फ्रिबोर्ड (Free board) को उचाइ जोडेर सेप्टिक टयांकको उचाइ निकालिन्छ ।

## सेप्टिक ट्यांकको नमूना नक्सा




**सेप्टिक टयांकको प्लान**




**सेप्टिक टयांकको सेक्सन**

## सेप्टिक टयांक केले निर्माण गर्न सकिन्छ ?

सेप्टिक टयांक स्थानीयस्तरमा उपलव्ध हुने निर्माण सामग्री जस्तै ईंटा, ढुंगा, गिट्टी, बालुवा र दक्ष जनशक्ति प्रयोग गरेर निर्माण गर्न सकिन्छ। प्रयोग गरिने मुख्य सामग्रीको आधारमा सेप्टिक टयांकको संरचना तीन प्रकारको हुन्छ । क) ईंटाको संरचना, ख) ढुंगाको संरचना र ग) कंक्रिटको संरचना । स्थानीय स्तरमा उपलव्ध आधारभूत निर्माण सामग्रीको आधारमा संरचनाको प्रकार अनुसार आवश्यक निर्माण सामग्री र त्यसको परिमाण तलको तालिकामा प्रस्तुत छ ।

### ईंटाको संरचनाको लागि आवश्यक निर्माण सामग्री, जनशक्ति र त्यसको परिमाण

| क्र. सं. | प्रयोगकर्ताको संख्या | | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ईंटा | संख्या | १४१७ | २८९८ | ३६८८ | ४१५४ | ४७१७ | ८५२९ | १०५५० | १२५३० | १५७८० | १८०९३ | २०१७१ | २२५५० |
| २. | सिमेन्ट | बोरा | १३ | २३ | ३० | ३५ | ४१ | ६४ | ८६ | १०६ | १४० | १६६ | १८३ | २१२ |
| ३. | बालुवा | घ.मि. | १.६ | २.९ | ३.८ | ४.३ | ५.१ | ७.९ | १०.४ | १२.५ | १६.४ | १९.४ | २१.४ | २४.६ |
| ४. | गिट्टी | घ.मि. | ०.९ | १.६ | २.२ | २.७ | ३.२ | ४.४ | ६.५ | ८.२ | ११.२ | १३.८ | १५ | १७.८ |
| ५. | डण्डी | के.जि. | १०० | १८५ | २६५ | ३३१ | ४०६ | ५५१ | ८४३ | १,११६ | १,५४१ | १,९०३ | २,०६२ | २,४५२ |
| ६. | फर्मा | व.मि. | २ | ३.३ | ५.२ | ६.३ | ७.९ | ९.५ | १४.० | १६.९ | २३.६ | २९.७ | ३२.४ | ३९.१ |
| ७. | पाइप र फिटिंग | मि. | १.६ | १.७ | १.७ | १.७ | १.७ | १.९ | १.९ | १.९ | १.९ | १.९ | १.९ | १.९ |
| ८. | डकर्मी | संख्या | ९ | १६ | २१ | २४ | २८ | ४४ | ५७ | ७० | ९१ | १०८ | १२० | १३८ |
| ९. | ज्यामी | संख्या | २० | ३५ | ४७ | ५६ | ६६ | १०३ | १४० | १७१ | २३१ | २७८ | ३११ | ३६४ |

### कंक्रिटको संरचनाका लागि आवश्यक निर्माण सामग्री, जनशक्ति र त्यसको परिमाण

| क्र. सं. | प्रयोग-कर्ताको संख्या | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० | ५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ईंटा | संख्या | ७७८ | ८९८ | १,०९१ | १,२१२ | १,३९५ | १,६०५ | २,११३ | २,२९२ | ३,१११ | ३,९३४ | ४,२३९ | ४,९८८ |
| २ | सिमेन्ट | बोरा | १९ | २६ | ३३ | ४२ | ४९ | ६५ | ८८ | १०५ | १३९ | १९२ | २१२ | २४५ |
| ३ | बालुवा | घ.मि. | १.९ | २.५ | ३.२ | ४.० | ४.७ | ६.१ | ८.२ | ९.६ | १२.९ | १७.४ | १९.२ | २२.३ |
| ४ | गिट्टी | घ.मि. | २.० | २.९ | ३.७ | ४.८ | ५.७ | ७.६ | १०.४ | १२.५ | १६.८ | २३.५ | २६.१ | ३०.१ |
| ५ | डण्डी | के.जि. | ३०३ | ४३७ | ५५७ | ७४९ | ८८१ | १,१९० | १,६३२ | १,९८८ | २,६४९ | ३,७६९ | ४,१९२ | ४,८१३ |
| ६ | फर्मा | व.मि | २०.२ | २८.९ | ३५.५ | ४१.८ | ४८.० | ६६.५ | ८४.४ | ९७.५ | १२४.७ | १४६.५ | १६४.५ | १८५.१ |
| ७ | पाइप र फिटिंग | मि. | १.६ | १.६ | १.६ | १.७ | १.७ | १.७ | १.७ | १.७ | १.७ | १.७ | १.७ | १.७ |
| ८ | डकर्मी | संख्या | १४ | २० | २४ | ३० | ३५ | ४७ | ६३ | ७३ | ९५ | १२५ | १३८ | १६० |
| ९ | ज्यामी | संख्या | ३० | ४२ | ५४ | ६७ | ७९ | १०७ | १४६ | १७४ | २३७ | ३१३ | ३५१ | ४०९ |

### सेप्टिक ट्यांक सम्बन्धी महत्वपूर्ण जानकारी

- सेप्टिक टयांक पानी नचुहिने (Water Seal) हुनुपर्दछ ।
- सेप्टिक टयांक दुई खण्डे हुनुपर्दछ र ती दुई खण्डमध्ये एउटाको क्षमता एक तिहाइ र अर्कोको क्षमता दुई तिहाइ हुनुपर्दछ ।

- ठूलो (दुई तिहाइ) क्षमताको खण्ड इन्लेटतिर र सानो (एक तिहाइ) क्षमताको खण्ड आउटलेटतिर हुनुपर्दछ ।
- सेप्टिक टयांकबाट निस्किने फोहरपानी विसर्जनको लागि सोकपिटको व्यवस्था हुनुपर्दछ ।
- सेप्टिक टयांकभित्रको फोहरपानीको उचाइ न्यूनतम १.४ मि र अधिकतम २.२ मि हुनुपर्दछ ।
- सेप्टिक टयांकको न्यूनतम चौडाइ त्यसभित्रको फोहरपानीको उचाइसँग बराबर हुनुपर्दछ ।
- सेप्टिक टयांकको लम्बाइ त्यसको चौडाइको २ देखि ४ गुणा हुनुपर्दछ ।
- सेप्टिक टयांकको सानो खण्डको लम्बाइ वा चौडाइ ६० सेमी भन्दा कम हुनुहुँदैन । यसो भएमा निर्माण वा मर्मतको क्रममा वा खाली गर्ने कममा कामदार प्रवेश गर्न सक्दैन ।
- इन्लेट र आउटलेट पाइपको न्यूनतम साइज १० सेमि व्यासको हुनुपर्दछ ।।
- ब्याफल वालमा लगाइने निकास पाइपको न्यूनतम साइज ७.५ सेमी व्यासको हुनुपर्दछ ।
- इन्लेट र आउटलेटको सेप्टिक टयांकभित्रको भागमा अंग्रेजी अक्षरको U आकारको बेण्ड राखी डाउन पाइप हाल्नु पर्दछ । उक्त डाउन पाइप कम्तीमा ५० सेमी पानीमा डुबेको हुनुपर्दछ भने पानीको सतहभन्दा ३० सेमी माथि उठेको हुनुपर्दछ ।
- फ्रिबोर्डको न्यूनतम उचाइ ३० सेमी हुनुपर्दछ । तर इन्लेट नै गहिरो भएको अवस्थामा फ्रिबोर्डको उचाइ आवश्यकता अनुसार बढाइन्छ ।
- सेप्टिक टयांकभित्र उत्पादन हुने विषालु एवम् दुर्गान्धित ग्यासको सुरक्षित निकासको लागि भेन्ट पाइपको व्यवस्था गर्नुपर्दछ । भेन्ट पाइप जमिन सतहभन्दा २ मि. माथि उठेको हुनुपर्दछ र यसको व्यास कम्तीमा ७५ मिमि हुनुपर्दछ ।
- फोहरपानीको मात्रा डिजाइन क्षमता भन्दा घटीबढी भएमा सेप्टिक टयांकले राम्ररी कार्य गर्न सक्दैन ।
- चर्पी सफा गर्ने वस्तु जस्तै विभिन्न प्रकारका रसायन, एसिड, क्लोरिन, डिटरजेन्ट आदि सेप्टिक टयांकमा पठाउनु हुँदैन ।
- डिजाइन अवधिका आधारमा सेप्टिक टयांकलाई नियमित रुपले खाली वा सफा गर्नुपर्दछ ।
- सोकपिट खानेपानीको स्रोतभन्दा कम्तीमा १५ मिटर टाढा हुनुपर्दछ ।


साभार : एन्फो २०२० । सेप्टिक टयांक डिजाइन म्यानुएल २०७७ ।

## अनुसूची-२

## भिन्न परिस्थितिमा दुई खाल्डे शौचालय सम्बन्धी जानकारी

## (TWIN PIT LATRINE SPECIFICATION AND DIFFERENT SITUATION)

| | |
|---|---|
| जमिन मुनिको पानी उच्च रहेको अवस्था | भूमिगत पानीको सतह जमिनको सतहबाट ३०० मी. मी.भन्दा कम भएको अवस्थामा खाल्डोको माथिल्लो सतह सम्भावित पानीको स्तर भन्दा ३०० मी. मी. माथि राख्नु पर्दछ । खाल्डो र शौचालय वरिपरिको जमिनलाई माथि भने बमोजिम उठाउनु पर्दछ । |
| पानी जम्ने क्षेत्रको लागि | पानी जम्ने क्षेत्रको लागि खाल्डोको माथिल्लो सतह पानीको सतह भन्दा ३०० मी.मी. माथि उठाउनु पर्दछ, साथै खाल्डोबाट १ मी. को दूरीसम्म चारैतिर र खाल्डोको माथिल्लो सतहसम्म राम्रोसँग माटो खाँदेर भर्नुपर्दछ । खाल्डोको सतहमाथि आउने हुनाले शौचालयको भूँई पनि माथि उठाउनु पर्दछ । |
| चिम्टयाइलो कालोमाटो भएको क्षेत्र | चिम्टयाइलो कालोमाटो भएको अवस्थामा खाल्डोको डिजाइन गर्दा डिजाइन मापदण्डहरूमध्ये एक मापदण्ड, पानीको रसाव दर (Infiltration Rate) प्रतिदिन १० लि.मी. लिनुपर्दछ र तर खाल्डोको पर्खाल (Lining of the Wall) भन्दा बाहिर ३०० मी. मी. चौड़ाइमा चारैतिर बालुवा, गिट्टीले भर्नुपर्दछ । |
| जमिनको क्षेत्रफल सीमित भएको अवस्था | स्थानाभाव (जमिनको अनुपलब्धता) का कारण मानकअनुसार आवश्यक व्यासको गोलाकार खाल्डो निर्माण गर्न नसकिने अवस्थामा सानो व्यास (न्यूनतम ७५० मी.मी.) को गहिरो खाल्डो वा बीचमा पर्खालद्वारा दुइ खण्डमा विभाजित संयुक्त आयताकार, अण्डाकार वा वर्गाकार खाल्डो पनि प्रयोग गर्न सकिन्छ । यसरी बनाइएको संयुक्त खाल्डोको बीचको पर्खालमा प्वालहरू राखिनु हुँदैन । बीचको सो पर्खालको जग खाल्डोको अन्य पर्खालको भन्दा २२५ मी.मी. तल हुनु पर्दछ । पर्खालको दुबैपट्टी सिमेन्ट बालुवाको मसलाले प्लाष्टर गरिनु पर्दछ । |





PLAN

### नमूना दुई खाल्डे शौचालयको सेक्सन

## अनुसूची-३
## मानव मलमूत्रजन्य फोहर प्रशोधनस्थल छनोट मापदण्ड

- जमिनको छनौट जमिन उपयोग योजना वा जग्गा प्राप्ति ऐनको २०३४ माध्यमद्वारा वा स्थानीय तह तथा अन्य सरोकारवालाहरुको समन्वयमा गरिने छ ।
- प्रशोधन संयन्त्रबाट निस्कने गन्धको समस्या वा अन्य कारणले कृषि योग्य जमिन, नदी/पानी भएको क्षेत्र, अस्पताल वा विद्यालयबाट आउने सामाजिक व्यवधानबाट जोगिन प्रशोधन स्थल घना बस्तीभन्दा टाढा निर्माण/स्थापना गर्नुपर्ने छ ।
- प्रशोधन-स्थल सामुदायिक वन वा वन क्षेत्रभित्र बनाउन सकिने छ तर संरक्षित क्षेत्रभित्र नपरेको हुनुपर्नेछ ।
- प्रशोधन स्थल बस्तीबाट कम्तीमा पनि ३०० मिटर टाढा, खानेपानीको स्रोतभन्दा ३० मिटर तल, संरक्षित धार्मिक क्षेत्रभित्र नपर्ने, समथर जमिन वा ८% भन्दा कम भिरालो भएको जमिन हुनुपर्नेछ ।
- सार्वजनिक वा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको स्वामित्वमा जमिनको लालपूर्जा भएको र निर्माणको लागि सामाजिक र वातावरणीय प्रतिकूल प्रभाव नपर्ने स्थान हुनुपर्नेछ ।
- प्रशोधन केन्द्र निर्माणको लागि ठोस फोहोरमैला व्यवस्थापन गर्ने र फोहोरपानी प्रशोधन केन्द्रभित्र वा यी सुविधाहरु भएका स्थानहरुलाई उपयुक्त स्थलको रुपमा लिइने छ । ती प्रणालीहरु निर्माण गर्ने योजना भएमा यो प्रशोधन केन्द्रलाई पनि त्यस प्रणालीमा नै एकीकृत गर्नुपर्नेछ ।

## अनुसूची-४
## मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सेवा श्रृंखला




साभार : खानेपानी तथा सरसफाइ मन्त्रालय, २०७४ । नेपालका सहरहरुमा मानव मलमूत्रजन्य फोहर व्यवस्थापनका लागि संस्थागत तथा नियामक खाका

# अनुसूची ५

## संयुक्त फोहरपानी प्रशोधन केन्द्रबाट सतही पानीमा निष्काशन गरिने फोहरपानीको सहनसीमा

**Generic Standard**
**Part III**
**Tolerance Limits for Wastewater to be Discharged into Inland Surface Waters from Combined Wastewater Treatment Plant**

| **Characteristics** | **Tolerance Limit** |
|---|---|
| Total Suspended solids, mg/L, Max | 50 |
| Particle size of total suspended particles | Shall pass 850-micron Sieve. |
| pH | 5.5 to 9.0 |
| Temperature | Shall not exceed 40 degree C in any section of the stream within 15 meters down-stream from the effluent outlet. |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 degree C, mg/L, Max | 50 |
| Oils and grease, mg/L, Max | 10 |
| Phenolic compounds, mg/L, Max | 1 |
| Cynides (as CN), mg/L, Max | 0.2 |
| Sulphides (as S), mg/L, Max | 2 |
| **Radioactive materials:** | |
| a. Alpha emitters, c/ml, Max | $10^{-7}$ |
| b. Beta emitters, c/ml, Max | $10^{-8}$ |
| Insecticides | Absent |
| Total residual chlorine, mg/L | 1 |
| Fluorides (as F), mg/L, Max | 2 |
| Arsenic (as As), mg/L, Max | 0.2 |
| Cadmium (as, Cd), mg/L, Max | 2 |
| Hexavalent chromium (as Cr), mg/L, Max | 0.1 |
| Copper (as Cu), mg/L, Max | 3 |
| Lead (as Pb), mg/L, Max | 0.1 |
| Mercury (as Hg), mg/L, Max | 0.01 |
| Nickel (as Ni), mg/L, Max | 3 |
| Selenium (as Se), mg/L, Max | 0.05 |
| Zinc (as Zn), mg/L, Max | 5 |
| Ammonical nitrogen, mg/L, Max | 50 |
| Chemical Oxygen Demand, mg/L, Max | 250 |
| Silver, mg/L, Max | 0.1 |

वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको संगालो,
वातावरण मन्त्रालय, आषाढ, २०६७

## अनुसूची-६
## सेप्टेज संकलन, ढुवानी र विसर्जन सेवा सञ्चालन इजाजतका लागि दिने आवेदन फारम

स्वयम् प्रमाणित हालको पासपोर्ट साइजको फोटो टाँस्नुहोस्
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर कार्यपालिकाको कार्यालय,
भेरी नगरपालिका जाजरकोट ।

स्वयम् प्रमाणित हालको पासपोर्ट साइजको फोटो टाँस्नुहोस्

**विषय : मानव मलमूत्रजन्य फोहर व्यवस्थापनको सेवा सञ्चालन इजाजतका सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा म र हामी तपसिल बमोजिमका विवरण सहित मानव मलमूत्रजन्य फोहर व्यवस्थापनको सेवा दर्ता, इजाजत र व्यवसाय सञ्चालन इजाजतका लागि अनुरोध गर्दछु/गर्दछौं ।

१. आवेदकको नाम (नागरिकताको आधारमा) : ............................................

२. कर्मचारीहरुको विवरण :

| क्र.सं. | कर्मचारीको तह | पूरा नाम थर | नागरिकता नं. |
|---|---|---|---|
| १. | चालक | | |
| २. | सहयोगी १ | | |
| ३. | सहयोगी २ | | |
| ४. | अन्य (कुनै भए) | | |

३. आवेदकको प्यान/भ्याट नम्बर : ..........................................................

४. कम्पनी फर्म दर्ताको विवरणहरू : ......................................................

५. आवेदकको बैंक खाताको विवरण :

६. व्यक्तिगत जीवन बीमाको विवरण :

| क्र. सं. | कर्मचारीको तह | पूरा नाम थर | जीवन बीमा नं. | बैधता | जीवन कम्पनीको नाम |
|---|---|---|---|---|---|
| १. | चालक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सहयोगी १ | | | | |
| ३. | सहयोगी २ | | | | |
| ४. | अन्य (कुनै भए) | | | | |

७. कर्मचारीहरूको शारीरिक निरोगिता प्रमाणपत्र उपलब्धता :

| **क.सं.** | **कर्मचारीको तह** | **पूरा नाम थर** | **छ** | **छैन** |
|---|---|---|---|---|
| १. | चालक | | | |
| २. | सहयोगी १ | | | |
| ३. | सहयोगी २ | | | |
| ४. | अन्य (कुनै भए) | | | |

८. सवारी चालक अनुमति पत्र नम्बर : ..............................................

९. सवारी चालक अनुमति-पत्रको किसिम :

१०. ठेगाना (कार्यालय दर्ता भएको) :

(मुख्य कार्यालय) :

११. टेलिफोन नं. (कार्यालय) : (मोबाइल नं. :

१२. ईमेल :

१३. सवारी साधनको दर्ता नं. :

१४. सवारी साधनको स्वामित्व आवेदक स्वयम् आफ्नै (हो/होइन)

१५. इन्जिन नं. : ........................................

१६. च्यासिस नं. : ...........................................

१७. प्रदुषण जाँच पास प्रमाणपत्रः (नं.) :...........................................(वैधता)

१८. सवारी साधन बीमा प्रमाणपत्रः (नं.) :...................................... (वैधता)

१९. सवारी साधन जाँच पास प्रमाणपत्रः (नं.) :................................. (वैधता)

२०. सवारी साधनमा GPS जडान गरिएको: (छ/छैन)

२१. सवारी साधनको विस्तृत विवरण : (कुनै पनि कागजातको प्रमाण संलग्न गर्न सकिन्छ)

(क) सवारीको मोडल :

(ख) सवारीको प्रकार :

(ग) सवारीको क्षमता :

(घ) संलग्न कागजातको संख्या :

२२. इजाजत दिने प्रक्रियाको लागि शुल्क : रु. १,०००/- (रकम फिर्ता नहुने)

| | दायाँ | बायाँ |
|---|---|---|
| .......................... आवेदकको दस्तखत | | |
| मिति : | औंठा छाप | |

**मानव मलमूत्रजन्य फोहर व्यवस्थापन सेवा प्रदायकमा लागू हुने सामान्य नियम र सर्तहरू**

१. प्राविधिक मापदण्ड-उपकरणहरूको गुणस्तर, विशिष्टता र अवस्था सम्बन्धित

- पानी नचुहिने उपकरण - सचित्र प्रमाण र ड्राइभ प्रणाली (गाडीको विशिष्टता-इन्जिन, च्यासिस आदि), पम्प, होज पाइप, सिल, टयांक्, ट्रेलर च्यासिस इत्यादिको आकस्मिक निरीक्षण
- पछिल्लो एक वर्षमा सवारी साधन मर्मत सम्भारको प्रमाण
- पर्याप्त निरीक्षण उपकरणहरू, जस्तै साइट गेज र मर्मत सम्भार उपकरणहरूको भण्डारण बाकस

२. प्रशासनिक मापदण्ड-वैधानिक र नियामक सर्तहरूसंग सम्बन्धित सवारी साधन धनी, चालक र सहयोगीको नाम र पहिचान खुल्ने कागजात प्रति सवारी साधन कम्तिमा दुई कर्मचारी

- स्वामित्वको प्रमाण - सवारी साधन दर्ता (व्यावसायिक), उपकरणहरूको बिल, बीमा आदि
- अध्यावधिक गरिएको प्रमाण-पत्रहरू
- सवारी चालकसंग मान्य सवारी चालक अनुमति-पत्र
- संचालन-पुस्तिका अनुसार उचित सेप्टेज संकलन विधिको पाठ्यक्रम अनुसार प्रशिक्षणमा सहभागिताको प्रमाणपत्र

३. स्वास्थ्य र सुरक्षा मापदण्ड-स्वच्छता र सुरक्षासंग सम्बन्धित

- प्रत्येक सवारी साधनमा प्राथमिक स्वास्थ्य उपचार किटः प्रत्येक सवारी साधन र तोकिएको पार्किङ्ग कार्यालयमा एन्टी-सेप्टिक साबुन

- उचित सुरक्षा उपकरण-सुरक्षा चश्मा, मास्क, प्रमाणित एप्रोनसहित काम गर्दा लगाउने लुगा, काम गर्दा लगाउने जुत्ता, टर्च लाइट
- सवारी साधन चालक र सहयोगीहरूको १० लाखको मृत्यु क्षतिपूर्ति सीमा सहित न्यूनतम २ लाख वार्षिक सीमाको स्वास्थ्य र जीवन बीमा

४. सेप्टेज संकलकहरूको लागि नियमहरू:

- इजाजत प्राप्त सञ्चालकले सेप्टेज संकलनको अनुसार काम गर्दा लगाउने लुगा, सुरक्षा उपकरणहरू र यान्त्रिक (भ्याकुम) ट्रक ट्याक्टरहरू भएको कामदार हुनु पर्दछ ।
- इजाजत प्राप्त सञ्चालकले तोकिएको ढाँचामा हरेक सेप्टिक टयांक, खाल्डे चर्पी आदिको सरसफाइ कार्यको अभिलेख राख्नुपर्दछ र सो अभिलेख आवधिक रुपमा नगरपालिका कार्यालयमा पेश गर्नुपर्दछ ।
- इजाजत प्राप्त सञ्चालकलाई संचालन पुस्तिका र सोही पुस्तिका अनुसारको प्रशिक्षण प्रदान गरिनेछ ।
- सेवा प्रदायक सञ्चालकले संचालन पुस्तिका अनुसार सेप्टेज संकलनको मापदण्ड र प्रक्रियाहरू अपनाउनु पर्दछ ।
- सेप्टेज संकलन गर्ने कामदारहरूले रबरको पञ्जा, जुत्ता, मास्क, हेलमेट, सेफ्टी बेल्ट, सुरक्षा चश्मा र काम गर्दा लगाउने लुगा जस्ता उपयुक्त व्यक्तिगत सुरक्षा उपकरणहरू लगाउनु पर्दछ ।
- सेवा प्रदायक सञ्चालकले सेप्टेज संकलन गर्ने कामदारहरूका लागि व्यक्तिगत सुरक्षा उपकरण र सेप्टेज संकलन कार्यको लागि आवश्यक सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।
- सेप्टेज संकलन कार्यपछि, कामदारहरूद्वारा उपयुक्त सरसफाइ व्यवहारको बानी गर्नु पर्दछ जस्तै साबुन पानीले हात धुने ।
- प्रत्येक सेप्टेज संकलन कार्य पछि सो क्षेत्रलाई  ब्लिचिंग पाउडर र चुना जस्ता निसंक्रमणका वस्तु प्रयोग गरेर राम्ररी सफा र कीटाणुरहित गर्नु पर्दछ ।
- सेवा प्रदायकहरूले सेप्टेज ढुवानीको लागि अनुमोदित मापदण्ड अनुरूपको सवारी साधनको प्रयोग र मर्मत संभार गरी तैनाथ अवस्थामा राखिनु पर्दछ ।
- कुनैपनि आकस्मिक रुपमा सेप्टेज पोखिएमा सेप्टेज संकलन गर्ने कामदारहरूले तुरुन्तै सो सेप्टेज जम्मा गर्न, वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न र सफाइको कार्य गर्ने प्रक्रियाहरू सुरु गरिनेछ ।

## अनुसूची-७

## असुरक्षित शौचालयलाई सफा शौचालयमा स्तरवृद्धि गर्ने निर्देशिका

| मानदण्डहरू (Parameters) | विद्यमान निर्देशिका |
|---|---|
| आकार (परिवार संख्या ५) | व्यास - १००० मी.मी. आवश्यक, तर सीमित जग्गाको उपलब्धता भएको अवस्थामा ७५० मी. मी. व्यासको पनि बनाउन सकिने छ, गहिराई - १३०० मी.मी. |
| खाली गर्ने तरिका | एक खाल्डे - ६ वर्ष, दुई खाल्डे - ३ वर्ष |
| स्थान | शौचालयको प्यानको ठीक पछाड़ी बाहिर पट्टी खाल्डो राखिनु पर्दछ र सो खाल्डो घरको प्रांगणमा गोरेटो बाटो साँघुरो भागको मुनि राख्न सकिन्छ घरको जग र खाल्डो बीच ०.२ देखि १.३ मी. सम्मको दूरी हुनुपर्दछ, साथै पानीको मूल जस्तै ट्यूबवेल र पानीको पाइपदेखि खाल्डोको दूरी घटीमा ३ देखि १० मी. हुनु पर्दछ, त्यसैगरी पानीको पाइप खाल्डोको बीचबाट वारपार हुनुहुँदैन । |
| डिजाइन र निर्माण | खाल्डोहरू भत्कनबाट जोगाउनका लागि पर्खाल (लाइनिंग) बनाउनुपर्दछ सामान्यतया लाइनिंगमा ईंटाहरू सिमेन्ट बालुवा (१:६) को मसलामा जोडाइ गरिएका हुन्छन् । ढुँगा, लेटराइट अथवा सिमेन्ट कंक्रिट रिंगको पनि प्रयोग गर्न सकिन्छ र ईंटाको लाइनिगंमा ११५ मी.मी. चौड़ाइको गारो लगाई ५० मी.मी. का प्वालहरू राखिनुपर्दछ । खाल्डोको पिंध प्राकृतिक अवस्थामा छोडिनुपर्दछ र खाल्डो ढाक्न आर.सी.सी. स्लाब प्रयोग गर्न सकिन्छ । शौचालयको प्यान खाल्डोसंग ७५ मी.मी. को ईंटाको खुला ढल मार्फ़त जोड्न सकिन्छ । |

साभार : CEEPHO, २०१३

आज्ञाले,
दल बहादुर धर्ती
निमित्त प्रमुख प्रशासकीय अधिकृत